श्री

विशेष अदालत काठमाण्डौ

सदस्य माननीय श्री नारायणप्रसाद पौडेल

सदस्य माननीय श्री विदुर कोइराला

इजलास नं. २

संक्षिप्त फैसला

मुद्दा नं. ०८१-CR-०१११

नेपाल सरकार..........................................................................................वादी

विरूद्ध

सुनिल पौडेल समेत---------------------------------------------------------------प्रतिवादी

मुद्दाः सार्वजनिक सम्पत्तिको हिनामिना हानिनोक्सानी गरी गराई भ्रष्टाचार गरेकोसमेत।

प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजात अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ताहरु श्री गोविन्द खनाल र श्री उमाकान्त पौडेल तथा विशेष सरकारी वकील कार्यालय काठमाडौंबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री घनश्याम घिमिरे र विद्वान सहायक न्यायाधिवक्ता श्री पुजा पन्थीले गर्नुभएको बहस सुनियो।

प्रतिवादीहरुको तर्फबाट उपस्थित देहाय बमोजिमका विद्वान् वरिष्ठ अधिवक्ताहरु तथा विद्वान् अधिवक्ताहरुले गर्नुभएको बहस समेत सुनियो।

देहायः-

| सि नं | प्रतिवादीको नाम | कानून व्यवसायीको नाम |
| --- | --- | --- |
| १ | सुनिल पौडेल | विद्वान् अधिवक्ता श्री जयनारायण पौडेल |
| २ | संगीता पहाडी भन्ने संगिता अर्याल | विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री राधेश्याम अधिकारी, श्री रमन कुमार श्रेष्ठ, श्री सविता भण्डारी र श्री मुकुन्द शर्मा पौडेल एवं विद्वान अधिवक्ताहरु श्री प्रवीण सुवेदी, श्री अभिषेक अधिकारी, श्री किरण पौडेल, डा. श्री शशीनाथ मरासिनी, श्री विनोद श्रेष्ठ, श्री जेनिस पहाडी र श्री मदन कुमार डंगोल |



Scanned with CamScanner

| | | |
|---|---|---|
| ३ | प्रतिभा वैद्य | विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री शरदप्रसाद कोइराला एवं विद्वान् अधिवक्ताहरु श्री सेमन्त दाहाल, श्री दिवस बस्याल, श्री प्रमेश खनाल र श्री रोशन नेपाल |
| ४ | राजेन्द्र श्रेष्ठ | विद्वान् अधिवक्ता श्री प्रकाशराज रेग्मी |
| ५ | झविन्द्रलाल उपाध्याय | विद्वान् वरिष्ठ अधिवक्ता प्रा.डा. श्री विजयप्रसाद मिश्र र विद्वान अधिवक्ताहरु श्री गौरव मिश्र, श्री शान्तिराम ढुङ्गाना, श्री सरोजकुमार गिरी, श्री निरुजा चापागाँई र श्री सन्तोष कोइराला |
| ६ | नवल चौधरी | विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेती |
| ७ | विनिता श्रेष्ठ<br>अमूल प्रधान | विद्वान् अधिवक्ता डा. श्री सुवास आचार्य र श्री यज्ञ खतिवडा |
| ८ | देवेन्द्र खतिवडा | विद्वान् अधिवक्ताहरु श्री राष्ट्रविमोचन तिमल्सेना, श्री कविता आचार्य र श्री किरण पौडेल |
| ९ | राजिवकुमार के.सी.<br>सन्तोष कुमार श्रेष्ठ | विद्वान् अधिवक्ताहरु श्री समिर शर्मा र श्री सुदिपराज घिमिरे |
| १० | हेमप्रभा कर्ण | विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री पंकजकुमार कर्ण र श्री निशी चौधरी |
| ११ | मुक्तिप्रसाद अर्याल | विद्वान् अधिवक्ताहरु श्री मदनकुमार रेग्मी र श्री अर्जुनकुमार अर्याल |
| १२ | परमात्मा भट्टराई | विद्वान् वरिष्ठ अधिवक्ता श्री यदुनाथ खनाल र विद्वान अधिवक्ता श्री राम घिमिरे |
| १३ | Asiainfo | विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री कृष्णप्रसाद सापकोटा र श्री सतिषकृष्ण खरेल |
| १४ | Asiainfo र Arniko International Pvt | विद्वान् अधिवक्ताहरु श्री अपूर्व खतिवडा, श्री तिलक विक्रम पाण्डे र श्री अश्विन कुमार के.सी. |

| | | |
|---|---|---|
| | Ltd का निर्देशक शैलेश श्रेष्ठसमेत | |

प्रस्तुत मुद्दामा नेपाल दुरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) र AsiaInfo-Linkage Technologies (China) बीच ५ वर्षको लागि 21st December, 2011 मा Supply, Delivery, Instalation, Super vision, commissioning and Technical Support and Warranty Level Services of Convergent Real Time Billing and Customer Support ( CRTB & CS) system को ठेक्का संझौता भएकोमा उक्त सझौता वमोजिमको Warranty Period र Technical Support Services Period समाप्त भएपछि Annual Maintenance Contract (AMC) Period लागू हुने प्रावधान रहेको देखिन्छ। 8th January, 2023 मा ४+१ वर्षको लागि AMC गर्दा AsiaInfo सँग मिलोमतो गरी ५% Discount नलिएको भनी नेपाल टेलिकमका कर्मचारीहरु सुनिल पौडेल, संगिता पहाडी भन्ने संगिता अर्याल, प्रतिभा वैद्य भन्ने प्रतिभा श्रेष्ठ, राजेन्द्र श्रेष्ठ, झविन्द्रलाल उपाध्याय,देवेन्द्र खतिवडा, विनिता श्रेष्ठ, अमुल प्रधान, राजिव कुमार के.सी., हेम प्रभा कर्ण भन्ने हेमप्रभा राम प्रताप कर्ण, नवल चौधरी, मुक्ति प्रसाद अर्याल, सन्तोष कुमार श्रेष्ठ र परमात्मा भट्टराई उपर विगो रु.३३,४८,१७,४३०।०७ कार्यम गरी आरोपपत्र पेश हुँदासम्म भुक्तानी भएको विगो रु.९,८८,४१,९५६।८५ असुल उपर हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा दफा ३(१)(ज), (झ) वमोजिम सजाय हुन भन्ने समेतको माग दावी लिई र प्रतिवादी AsiaInfo Yuanhang, ऐ.का CEO Long Yong, Operation/Project Manager Mr. Huang Wei (Yellow) र नेपाल स्थित Arniko International Pvt Ltd का निर्देशक शैलेश श्रेष्ठ उपर सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक व्यवस्था वमोजिम अन्य प्रतिवादी सरह सजाय हुन भन्ने मागदावी लिई आरोपपत्र पेश हुन आएको देखिन्छ।

यसमा मिसिल संलग्न विभिन्न अध्ययन समितिबाट तयार भएका अध्ययन प्रतिवेदन, संझौता पत्रहरु, Minutes of Meeting (MOM) समेतका कागजात हेर्दा, 21st December 2011 मा नेपाल टेलिकम र AsiaInfo विच भएको संझौता वमोजिम जडान भएका उपकरण तथा प्रविधिबाट बदलिँदो समय अनुसारको आवश्यकता पूरा नहुने भई New Biling System मा जानको लागि स्पेसिफिकेशन र लागत अनुमान समेत तयार भई सञ्चालक समितिको मिति २०७८।४।४ को बैठकले New Biling System खरिद गर्ने सम्वन्धमा निर्णय गरेको अवस्था समेत देखिन्छ। तथापि विभिन्न कारणबाट तत्काल नेपाल टेलिकम New Biling System खरिद प्रक्रियामा जान नसकेको र विभिन्न Supplementary Contract गरी Biling System को क्षमता वृद्धि गरी सञ्चालन गर्दै आएको अवस्था देखिन्छ। यसै क्रममा 8 January 2023 मा नेपाल टेलिकम र AsiaInfo बीच Upgradation सहितको ४+१ वर्षको Extended

Scanned with CamScanner

AMC संझौता भएको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रस्तुत मुद्दाको अभियोजन गर्दा उक्त 8 January 2023 को संझौता सम्पूर्ण रुपमा बेरितको नभनी ५% Discount नलिएको भनी सोही आधारमा बिगो कायम गरी दाबी लिएको अवस्था हुँदा अभियोजन पक्षले समेत उक्त संझौताको औचित्यताका सम्बन्धमा अन्यथा भन्न सकेको देखिएन।

नेपाल टेलिकम र AsiaInfo बीच 21st December 2011 मा भएको मूल संझौताको Section V: Technical Specification को Clause 1.8.5 मा WCC जारी भएको ६ वर्षसम्म annual basis मा AMC हुन सक्ने र त्यस्तो AMC को Cost अघिल्लो वर्षको भन्दा ५% Discount गरी कायम गरिने भन्ने प्रावधान रहेको देखिएकोमा विवादको Upgraded AMC annual basis मा भएको नभई ४+१ वर्षको Package मा भएको देखिन्छ। मूल संझौताले AMC लाई समेत संझौताको रुपमा नै स्वीकार गरेको र AMC Cost हेरफेर हुन सक्नें कुरा समेत उल्लेख गरेको देखिन्छ। मूल संझौताको Clause 1.8.4 मा पक्षहरु बीच AMC हुनुपूर्व Negotiation र MOM समेत हुने प्रावधान समेत रहेको देखिन्छ। यसबाट AMC हुनुअघि AMC मा समावेश गर्ने Clause का बारेमा बार्ता तथा छलफल गरी प्रचलित कानूनको प्रतिकूल नहुने गरी आवश्यक शर्तहरु तय गर्न संझौताका पक्षहरुलाई मूल संझौताले रोक लगाएको देखिँदैन।

प्रतिवादी AsiaInfo ले Upgraded AMC को लागि पेश गरेका विभिन्न Package का प्रस्तावमा ५% छुटको कुरा उल्लेख नभएको र निर्देशक विनिता श्रेष्ठको संयोजकत्वमा गठित अध्ययन समितिबाट AsiaInfo ले पेश गरेको III Option उपयुक्त हुने भनी पेश गरेको प्रतिवेदनमा पनि ५% छुटको विषय उल्लेख भएको देखिँदैन। निज विनिता श्रेष्ठको प्रतिवेदन पश्चात उक्त खरिद प्रक्रियाका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरी सम्बन्धमा सो आयोगबाट छानवीन भई उजुरी तामेलीमा राख्ने गरी मिति २०७९।७।६ मा भएको निर्णयमा समेत बिलिङ प्रणालीको अद्यावधिक (Upgradation) तथा वार्षिक मर्मत सम्भार (Annual Maintenance Contract (AMC)) नितान्त मर्मत सम्भार गर्ने विषयमा मात्र सीमिति नभई अद्यावधिक (Upgradation) गर्न थप नयाँ सफ्टवेयर तथा हार्डवियर खरिद हुने भन्ने कुरा समेत स्वीकार गरेको देखिन्छ। यसबाट AsiaInfo ले AMC को सम्बन्धमा पेश गरेको विभिन्न Option मध्ये तेस्रो Option समेतमा ५% छुट नहुने भन्ने कुराको जानकारी आयोगलाई रहे भएकै देखिन्छ। तथापि सो प्रस्तावको विषयमा आयोगले कुनै प्रश्न उठाएको देखिँदैन। मिति २०७९।६।४ को संचालक समितिको बैठकमा समेत ६ वर्षे Upgraded AMC को प्रस्ताव बारे जानकारी पेश भएकै देखिन्छ।

8th January 2023 को Upgraded AMC संझौताको Clause २ मा 5th January 2023 को Negotiation MOM, 30th December, 2022 र 2nd January, 2023 मा AsiaInfo द्वारा नेपाल टेलिकमलाई प्रेषित पत्र

Scanned with CamScanner

र 2011 को main Contract लाई समेत उक्त 8th January 2023 को संझौताको अभिन्न अंगको रुपमा लिइने र उल्लिखित कागजातमा कुनै Conflict अथवा Inconsistency आएमा पछिल्लो कागजातको कुरा मान्य हुने प्रावधान रहेको देखिन्छ। यसबाट २०११ को मूल संझौतामा annual basis मा AMC गर्दा ५% Discount लिने कुरा उल्लेख भए पनि 8th January को Upgraded AMC मा ५% छुटको कुरा उल्लेख नभएकोले नेपाल टेलिकमले उक्त छुट लिने प्रावधान नराखी Upgraded AMC गरेको देखिन्छ। उक्त संझौताको बारेमा संझौताका पक्षहरु बीच कुनै समस्या रहे भएको पनि देखिँदैन।

अमुल प्रधान समेतका प्रतिवादीहरुले बयान गर्दा 8th January 2023 को Upgraded संझौतामा ५% छुटको कुरा उल्लेख नभए पनि AsiaInfo ले सो भन्दा वढीको हार्डवेयर तथा सफ्टवेयर उपलव्ध गराएकोले उक्त संझौताबाट नेपाल टेलिकमलाई कुनै हानीनोक्सानी नभएको भन्ने जिकिर लिएको र 5th January, 2023 को Negotiation MOM, 6th January को MOM, 7th January को LOA र 8th January को Upgraded AMC लाई हेर्दा 8th January को संझौता हुनुपूर्व धेरै पटक Negotiation Meeting भएको र AsiaInfo ले AMC को अतिरिक्त १३ वटा Module का नयाँ Hardware तथा Software हरु Free of Cost मा उपलव्ध गराई System Upgraded गर्ने सहमती भई कार्यान्वयन समेत भएको देखिन्छ। उल्लिखित Hardware सामग्री तथा सफ्टवेयरको मूल्य annual basis को AMC मा ५% छुट लिँदा कायम हुने छुट रकम भन्दा वढी नै रहेको देखिन्छ। यसको साथै 8th January 2023 को संझौतामा AsiaInfo ले Free & Cost मा Data Migration एवं 5 G Service जडान समेतका कामहरु गरिदिने शर्त समेत रहेको देखिन्छ। तसर्थ, उक्त 8th January को Upgraded AMC को कारणबाट नेपाल टेलिकमलाई हानी नोक्सानी पुगेको भन्ने अवस्था समेत देखिएन।

प्रतिवादी अमुल प्रधानको संयोजकत्वमा गठित वार्ता टोलीले AsiaInfo सँग AMC का Conditions का बारेमा विभिन्न चरणमा वार्ता गरी 29 December, 2022 मा annual basis मा AMC गर्न Request letter पठाएकोमा AsiaInfo ले २०११ को संझौता बमोजिम जडान भएका धेरै Hardware हरु फेर्नु पर्ने र धेरै Software हरु Upgraded गर्नु पर्ने भन्दै annual basis को AMC गर्न इन्कार गरी ४ वा ६ वर्षको Package मा AMC गर्न र सो नभए मूल संझौताको प्रावधान बमोजिम Managed Service मा जान प्रस्ताव गरी 30 December, 2022 मा पत्र पठाएको देखिन्छ। तत्पश्चात उक्त वार्ता टोलीले AsiaInfo सँग Further Negotiationको आवश्यकता रहेको भनी 4th January 2023 मा प्रवन्ध निर्देशक समक्ष प्रतिवेदन पेश गरेको र प्रवन्ध निर्देशकले सोही दिन CCO, CFO, COO समेतको नाममा थप वार्ता गर्न तोक आदेश गरी 5th January, 2023 मा AsiaInfo र नेपाल टेलिकमका विभिन्न विभागीय प्रमुख सहितको टोली बीच वार्ता भई ४+१ वर्षको Upgraded AMC गर्ने सहमती भएको र सोही आधारमा 8th January 2023 मा AsiaInfo सँग Upgraded AMC भएको देखिन्छ। दोश्रो AMC को म्याद 19



Scanned with CamScanner

September 2022 मा समाप्त भई सकेको र AsiaInfo ले annual basis मा AMC गर्न नमानी रहेको अवस्थामा Package basis मा संझौता गर्नु वाहेक तत्काल नेपाल टेलिकमसँग अर्को विकल्प रहेको अवस्था पनि देखिँदैन। तसर्थ, नेपाल टेलिकम सम्वद्ध पदाधिकारीहरुले उक्त Upgraded AMC गर्दा वदनियत चिताई नेपाल टेलिकमको हित विपरित काम गरेको वा AsiaInfo सँग व्यक्तिगत लाभ लिएको भन्ने अवस्था समेत देखिएन।

यसरी 8th January 2023 को Upgraded AMC annual basis को AMC भन्दा फरक प्रकृतिको संझौता देखिएको र उक्त AMC गर्ने क्रममा विभिन्न अध्ययन तथा वार्ता समितिमा रही काम गर्ने तथा 5th January, 2023 को वृहत वार्ता टोलीमा बसी काम गर्ने नेपाल टेलिकमका सम्वद्ध कर्मचारी र संझौतामा संलग्न प्रवन्ध निर्देशक लगायतका पदाधिकारीहरुले नेपाल टेलिकमलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने वा आफूलाई लाभ पुऱ्याउने वदनियतले काम गरेको मान्न मिलेन। साथै AsiaInfo का सम्वद्ध पदाधिकारीहरुले नेपाल टेलिकमका पदाधिकारीहरुसँग मिलोमतो गरी नेपाल टेलिकमलाई हानी नोक्सानी पुऱ्याउने वदनियतले काम गरेको समेत भन्ने पुष्टि हुन सकेको देखिएन। तसर्थ प्रतिवादीहरु उपरको आरोपदावी प्रमाणबाट पुष्टि हुन सकेको नदेखिदा प्रतिवादीहरु सुनिल पौडेल, संगीता पहाडी भन्ने संगिता अर्याल, प्रतिभा वैद्य भन्ने प्रतिभा श्रेष्ठ, राजेन्द्र श्रेष्ठ, झविन्द्रलाल उपाध्याय, देवेन्द्र खतिवडा, विनिता श्रेष्ठ, अमुल प्रधान, राजीव कुमार के.सी, हेमप्रभा कर्ण भन्ने हेमप्रभा रामप्रताप कर्ण, नवल चौधरी, मुक्ति प्रसाद अंर्याल, सन्तोष कुमार श्रेष्ठ, परमात्मा भट्टराई, Arniko International Pvt Ltd का निर्देशक शैलेश श्रेष्ठ र AsiaInfo Yuanhang Software (Beijing) Limited, ऐ.का तत्कालिन सिनियर डाइरेक्टर/CEO Long Yong, ऐ.को Project office काठमाडौका तत्कालिन Operation/ Project Manger Mr. Huang Wei (Yellow) समेतले आरोपदावीबाट सफाई पाउने ठहर्छ।

प्रस्तुत मुद्दाको फैसलाको पूर्णपाठ तयार गर्न समय लाग्ने हुँदा यो संक्षिप्त फैसला तयार गरिदिएको छ। नियमानुसार गरी मिसिल सामेल गर्नू।

सदस्य

सदस्य

इति संवत् २०८३ साल असार महिना २५ गते रोज ५ शुभम्.................................।

Scanned with CamScanner